सभाबाट स्वीकृत मितिः २०७७/१२/०३

# इटहरी उपमहानगरपालिकाको केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७७

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, १ नं. प्रदेश, नेपाल**

# इटहरी उपमहानगरपालिकाको केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः** इटहरी उपमहानगरपलिकाका केही ऐनलाई संशोधन गरी आश्यक परिमार्जन र संशोधन गर्न वाञ्छिनीय भएकाले,

इटहरी उपमहानगरपलिकाको नगर सभा पारित गरि लागु गरेको छ ।

**परिच्छेद - १**

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "इटहरी उपमहानगरपालिकाको केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. <u>भवन निर्माण सम्बन्धि ऐन २०७५ मा संशोधन :</u>** भवन निर्माण सम्बन्धि ऐन २०७५ को –

(१) दफा २ को–

(क) खण्ड (र) मा भएको "कार्यपालिकाले" भन्ने शव्दको सट्टा "यस ऐनको दफ २६ वमोजीम" भन्ने शव्दहरु रखिएका छन् ।

**(२) दफा ४ को -**

(क) दफा ४ को उपदफा (१)मा भएको "आर्थीक ऐन बमोजीमको" भन्ने शब्दहरुको पछाडी "सम्पूर्ण दस्तुरको पच्चिस प्रतिशत रकम बुझाई" भन्ने शब्दहरु थपीएका छन् ।

(ख) दफा ४ को उपदफा (१) पछाडी देहायको उपदफा (२) र (३) थपिएको छ ।

(२) आर्थिक ऐन बमोजीम लाग्ने सम्पूर्ण दस्तुरको बाँकी पचहत्तर प्रतिशत दस्तुर भवन निर्माण इजाजत दिने निर्णय पस्चात कार्यालयमा बुझईसके पछि मात्र त्यस्तो भवन इजाजत प्रमाण पत्र दिन सकिनेछ ।

(३) घरनक्सा इजाजत दिने र नक्सापास सम्बन्धी आवश्यक कागजातको नमूनाको ढाँचा कार्यालय आफैँले तयार गरी स्वीकृत गर्न सक्नेछ ।

**(३) दफा १० को –**

(क) खण्ड (ग) मा रहेको "निर्माण कार्य सम्पन्न गरी सम्पन्न प्रमाण पत्र लिई" भन्ने वाक्याङस को पछाडी रहेको "छ महिना को" सट्टा "एक वर्ष को" भन्ने शव्दहरु राखीएका छन् ।

(ख) खण्ड (झ) पछाडी देहायका खण्ड (झ१) थपिएको छ ।

(झ१) खण्ड (झ) मा जुनसुकै कुरा लेखिएको भएता पनि इजाजत नामसारीको निवेदन आएमा भवन निर्माण जुनसुकै चरण रहेको भएता पनि इजाजत नामसारी गर्न सकिनेछ तर त्यस्तो

इजाजत नामसारी गर्दा लाग्ने दस्तुर सहित इजाजत दिँदा लागेको राज्स्व दस्तुरवमा दश प्रतिशत थप दस्तुर समेत लाग्नेछ र सो दस्तुर इजाजत नामसारी भई स्वमीत्व प्राप्त गर्ने व्यक्तिले व्यहोर्ने छ ।

(ग) खण्ड (च) पछाडी देहायको खण्ड (च१) र (च२) थपिएको छ ।

(च १) खण्ड (च) मा जुन सुकै कुरा लेखिएको भएता पनि साविक गा.वि.स तथा न.पा.को पुराना मापदण्ड अनुसार निर्माण सम्पन्न भएका व्यापारीक तथा सार्वजनीक भवन बाहेक आवशीय भवनको लागी तला थप निवेदन पेश हुन आएमा भुई तला निर्माण सम्पन्न भएको भवनको लागी अर्को एक तला सम्म मात्र थप गर्ने इजाजत दिन सकिने छ तर त्यस्तो तला थप इजाजत दिदा प्रचलित सडक, कुलो, पैनी र खोलाको अधिकार क्षेत्र, झ्यालको सेट व्याक र छज्जीको सेट व्याक पुरा भएको हुनुपर्ने छ ।

(च २) खण्ड (च १) मा उल्लेखित आवसीय भवन दोस्रो तला निर्माण सम्पन्न भई सकेको रहेछ भने फिल्ड निरीक्षण गरी प्रचलित प्रचलित सडक, कुलो, पैनी र खोलाको अधिकार क्षेत्र, झ्यालको सेट व्याक र छज्जीको सेट व्याक पुरा भएको पाइएमा अभिलेखीकरण गर्न सकिनेछ ।

(४) दफा ११ को –

(क) खण्ड (घ) मा रहेको "यस ऐन वमोजीमको समिति" भन्ने शव्दहरु झिकिएको छ ।

(ख) खण्ड (ङ) झिकिएको छ ।

(५) दफा (२६) को –

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखीएको छ ।

(१) राष्ट्रिय भवन संहित, यस ऐन र यस ऐन बमोजीम कार्यपालिकाले तोकेको मापदण्ड पालना गरउन देहाय बमोजीमको प्रविधिक तथा निरीक्षण समिति रहनेछ ।

क) उपप्रमुख - संयोजक

ख) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

ग) नगर प्रमुखले तोकेको स्ट्रक्चरल वा भवन संहिता सम्बन्धि अनुभव भएको इन्जिनीयर - सदस्य

घ) सम्बन्धित महाशाखा/शाखा प्रमुख - सदस्य

ङ) समितिले तोकेको घर नक्सा शाखा/ महाशाखा संघ सम्बन्धित इन्जिनीयर - सदस्य सचिव

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखीएको छ ।

(२) उपदफा (१) वमोजीमको गठीत समितिले आवश्यकता अनुसार भवन सम्बन्धि विषय विज्ञ ,सरोकारवाला तथा जनप्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) रखीएको छ ।

(३) भवनको प्लिन्थ एरीयाको पाँच हजार वर्ग फिट भन्दा बढी क्षेत्रफल भएको, तिन तला भन्दा बढी हुने भएमा स्वस्थ्य, शिक्षा, व्यापारीक कम्प्लेक्स वा भवन भएमा उपदफा (१) वमोजीमको समिति को सिफारीसमा मात्र भवन निर्माणको इजाजत पत्र दिनु पनेर्छ ।

(घ) दफा (२६) मा देहायको उपदफा (४) र (५) थपिएका छन् ।

(४) उपदफा (१) वमोजीमाको समितिले उपदफा (३) वमोजीमको काम वाहेक भवन निर्माण सम्बन्धि कुनै विवाद वा समस्या उत्पन्न भएमा त्यस्तो विवादको समाधान वा समस्याको समाधान र सहजीकरण समेत गर्नेछ ।

(५) उपदफा (३) र (४) संग सम्बन्धित विषयमा समितिले आवश्यक निर्णय गर्न नसक्ने ठहरीएमा त्यस्ता विषयलाई निर्णयको लागी कार्यपालिकामा समितिले पेश गर्नेछ र त्यस्तो विषयमा कार्यपालिकामा गर्ने निर्णयनै अन्तिम हुनेछ ।

**२. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा संशोधन :** शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा बनेको ऐनको -

(१) दफा ९० को –

(क) दफा (९०) को उपदफा (१) मा भएको ‘‘प्रत्येक वर्ष’’ भन्ने शब्दको पछाडि ‘‘शिक्षा शाखाबाट’’ भन्ने शब्दहरु को सट्टा ‘‘दफा २४ बमोजिमको समितिको सिफारिसमा शिक्षा शाखाबाट’’ भन्ने शब्दहरु राखिएको छ ।

**३. घरजग्गा बहाल कर ऐन २०७५ मा संशोधन :** घरजग्गा बहाल कर ऐन २०७५ को –

(१) दफा १६ को–

(क) उपदफा (३) को खण्ड (क) मा भएको सम्पुर्ण व्यहोरा हटाइएको छ ।

**४. सहकारी ऐन २०७५ मा संशोधन :** सहकारी ऐन २०७५ को -

(१) दफा २ को –

(क) दफा २ को खण्ड (ड) मा रहेको ‘‘दफा ३७’’ भन्ने शब्दहरुको सट्टा ‘‘दफा ३८’’ भन्ने शब्द राखिएका छन् ।

(ख) दफा २ को खण्ड (ढ) मा रहेको ‘‘दफा १७’’ भन्ने शब्दहरुको सट्टा ‘‘दफा १८’’ भन्ने शब्द राखिएका छन् ।

(ग) दफा २ को खण्ड (ध) मा रहेको ''समिति'' भन्ने शब्दको सट्टा ''सञ्चालक समिति'' भन्ने शब्द राखिएका छन् र ''दफा ३०'' भन्ने शब्दहरुको सट्टा ''दफा ३१'' भन्ने शब्द राखिएका छन् ।

**(२) दफा ३ को –**

**(क) दफा ३ को** उपदफा (२) को खण्ड (ग) मा रहेको ''संस्था'' भन्ने शब्द हटाइएको छ ।

(ख) दफा ३ को उपदफा (२) को खण्ड (छ) मा रहेको ''यस ऐन र प्रचलित कानुन बमोजिम सहकारी संस्थाको '' भन्ने शब्दहरुको पछाडि रहेका शब्दहरु हटाई ''सजाय गर्न बाहेक खारेजी गर्न, क्षतिपूर्ति भराउन, आवश्यक परे संस्थाहरुको पुर्नगठन गर्न, एकिकृत गर्न, असुलउपर गर्न गराउन आवश्यक निर्देशन दिने" भन्ने शब्दहरु राखिएका छन् ।

**(३) दफा ७ को –**

**(क)** दफा ७ को उपदफा (३) मा रहेको यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ भन्ने वाक्यको पछाडी को सम्पुर्ण वाक्य हटाई "त्यस्ता सहकारी संस्थाहरुले कार्यलयको निर्देशन बमोजिम तोकिएको समायवधी भित्र सस्थाको विनियम, दर्ता प्रमाण-पत्र र अघिल्लो आ.ब. को लेखापरिक्षण प्रतिवेदन कार्यालयमा बुझाई सुचिकृत गर्नु पर्नेछ" भन्ने शब्द राखिएका छन् ।

**(४) दफा ९ को –**

**(क)** दफा ९ को (३) मा रहेको " तर पचास प्रतिशत भन्दा बढी अचल सम्पत्ति विक्रि गर्दा समितिको अनुमति माग्ने सस्थाले अचल सम्पत्ति चिक्रि गर्नुको कारण बुझी एक महिनाभित्र अनुमति दिने छ" भन्ने वाक्यांशको सट्टा " तर नेपाल सरकार वा अन्य दातृ निकायले सस्थालाई अनुदान उपलब्ध गराएको अचल सम्पत्ति विक्रि गर्दा यस ऐन बमोजिमको नगर समितिको स्वीकृति लिनु पर्नेछ र त्यसरी सस्थासँग  अचल सम्पत्ति बिक्रि गर्नुको कारण बुझी समितिले एक महिनाभित्र अनुमति दिने छ " भन्ने शब्दहरु राखिएका छन्।

**(५) दफा १३ को –**

(क) दफा १३ को उपदफा (३)  रहेको '' उपदफा (३)'' भन्ने शब्दहरुको सट्टा '' उपदफा (२)'' भन्ने शब्द राखिएका छन् ।

**(६) दफा २० को –**

(क) दफा २० को उपदफा (२)  रहेको '' वा आन्तरिक कार्यविधी दर्ता'' भन्ने शब्द हटाइएको छ ।

**(७) दफा २३ को –**

(क) दफा २३ को उपदफा (३) मा रहेको "............व्यक्ति दुई बर्ष सम्म " भन्ने शब्दहरुको पछाडि भन्ने " सोही वा " शब्दहरु राखिएका छन् ।

**(८) दफा २४ को -**

(क) दफा २४ को खण्ड (घ) मा रहेको "दफा २०" भन्ने शब्दहरुको सट्टा "दफा २१" भन्ने शब्द राखिएका छन् ।

**(९) दफा २५ को -**

(क) दफा २५ मा रहेको "प्राप्तै" भन्ने शब्दहरुको सट्टा "प्राप्त" भन्ने शब्द राखिएका छन् ।

**(१०) दफा ३० को -**

(क) दफा ३० को उपदफा (५) लाई हटाइएको छ ।

**(११) दफा ३० को -**

(क) दफा ३० को उपदफा (६) लाई उपदफा (५) बनाईएको छ ।

**(१२) दफा ३५ को –**

(क) दफा ३५ को उपदफा (१) को खण्ड (च) मा रहेको "यो ऐन " भन्ने शब्दहरुको पछाडी "वा" भन्ने शब्द राखिएको छ ।

**(१३) दफा ४२ को –**

(क) दफा ४२ मा रहेको "तीस लाख सम्म " भन्ने शब्दहरुको सट्टा "संघीय ऐन वा तोकिए बमोजिम " भन्ने शब्द राखिएका छन् ।

**(१४) दफा ५० को –**

(क) दफा ५० मा रहेको "दफा ४७ " भन्ने शब्दहरुको सट्टा "दफा ४८ " भन्ने शब्द राखिएका छन् र सो दफामा रहेको "एक छुट्टै कोष रहनेछ । " भन्ने वाक्यको पछाडी भएका सम्पुर्ण शब्दहरु हटाई " सो कोषको सञ्चालन यो ऐन वा संघिय ऐनले तोके बमोजिम हुनेछ । " भन्ने शब्दहरु राखिएका छन् ।

**(१५) दफा ५१ को –**

(क) दफा ५१ मा रहेको "दफा ४७ " भन्ने शब्द हटाईएको छ ।

**(१६) दफा ५५ को –**

(क) दफा ५५ को उपदफा (३) मा रहेको ".......पारिश्रमिक लगायतका रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ । " भन्ने वाक्यको पछाडी भएका सम्पुर्ण शब्दहरु हटाईएको छ ।

(ख) दफा ५५ को उपदफा (४) मा रहेको “ रु दश हजार सम्म ” भन्ने शब्दहरुको सट्टा “ लेखापरिक्षण रकमको दश प्रतिशत ” भन्ने शब्दहरु राखिएको छ ।

**(१७) दफा ६० को –**

(क) दफा ६० को उपदफा (१) मा रहेको “.......साँवा, ब्याज र हर्जना रकम असुलउपर गर्न सक्नेछ । ” भन्ने वाक्यको पछाडी भएका सम्पुर्ण शब्दहरु हटाईएको छ ।

**(१८) दफा ६४ को –**

(क) दफा ६४ को उपदफा (१) मा रहेको “ दफा ५९ ” भन्ने शब्दहरुको सट्टा “ दफा ६० ” भन्ने शब्दहरु राखिएका छन्  “ दफा ६० ” भन्ने शब्दहरुको सट्टा “ दफा ६३ ” भन्ने शब्दहरु राखिएका छन् ।

**(१९) दफा ६८ को –**

(क) दफा ६८ को उपदफा (३) मा रहेको “ अधिकारीले ” भन्ने शब्दको सट्टा “ अधिकारीको ” भन्ने शब्द राखिएको छ ।

(ख) दफा ६८ को उपदफा (५) मा रहेको “....... संस्थाको दर्ता खारेज भएमा ” भन्ने शब्दहरुको पछाडीका सम्पुर्ण शब्दहरु हटाई  “ त्यस्तो संस्थालाई लिक्वीडेसन गरेर मात्र संस्था विघटन गर्न सकिने छ । ” भन्ने शब्दहरु राखिएका छन् ।

**(२०) दफा ८३ को –**

(क) दफा ८३ को उपदफा (२) मा रहेको “ गरेको ” भन्ने शब्दको सट्टा “ गरेमा वा गरेको पाइएमा  ” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) दफा ८३ को उपदफा (२) को खण्ड (घ) मा रहेको “ दफा ६ ” भन्ने शब्दहरुको सट्टा “ दफा ७ ” भन्ने शब्दहरु राखिएका छन् ।

# भवन निर्माण सम्बन्धी ऐन २०७५ मा भएका संशोधनहरु

| क.सं. | ऐनको दफा | हाल भएको व्यवस्था | हुनपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | दफा २ खण्ड (र) | (र) "प्राविधिक समिति" भन्नाले कार्यपालिकाले गठन गरेको समितिलाई सम्झनु पर्दछ। | (र) "प्राविधिक समिति" भन्नाले यस ऐनको दफा २४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ। | यस ऐन बमोजिम गठन हुने भएकाले। |
| २ | दफा ४ को (१) मा | दफा ४ (१) नगरपालिकाक क्षेत्रमा भवन निर्माण गर्न चहाने व्यक्ति वा कार्यलयले भवन निर्माण गर्ने अनुमतिको लागि भवन को नक्सा सहित कार्यपालिकाकले तोकेको ढाँचामा नगरसभावाट पारित आर्थीक ऐन बमोजीम लाग्ने दस्तुर र धरौटी रकम तिरी कार्यालयमा दरखास्त दिनु पर्नेछ। | दफा ४ (१) नगरपालिकाक क्षेत्रमा भवन निर्माण गर्न चहाने व्यक्ति वा कार्यलयले भवन निर्माण गर्ने अनुमतिको लागि भवन को नक्सा सहित कार्यपालिकाकले तोकेको ढाँचामा नगरसभावाट पारित आर्थीक ऐन बमोजीम लाग्ने सम्पूर्ण दस्तुर र धरौटी रकमको पच्चिस प्रतिशत रकम बुझाई कार्यालयमा दरखास्त दिनु पर्नेछ।<br>(२) आर्थिक ऐन बमोजीम लाग्ने सम्पूर्ण दस्तुरको बाँकी पचहत्तर प्रतिशत दस्तुर भवन निर्माण इजाजत दिने निर्णय पस्चात कार्यालयमा बुझईसके पछि मात्र त्यस्तो भवन इजाजत प्रमाण पत्र दिन सकिनेछ।<br>(३) घरनक्सा इजाजत दिने र नक्सापास सम्बन्धी आवश्यक कागजातको नमूनाको ढाँचा कार्यालय आफैंले तयार गरी स्वीकृत गर्न सक्नेछ। | धरौटी रकम र दस्तुर इजाजत दिने निर्णय भए पछि मात्र लिन उपयुक्त हुने भएकाले। |
| ३ | दफा १० (ग) | ..... निर्माण कार्य सम्पन्न गरी सम्पन्न प्रमाण पत्र लिई **छ महिनाको** अवधि व्यतित गरेमा राखेको धरौटी रकम फिर्ता हुनेछैन। | निर्माण कार्य सम्पन्न गरी सम्पन्न प्रमाण पत्र लिई **एक बर्षको** अवधि व्यतित गरेमा राखेको धरौटी रकम फिर्ता हुनेछैन। | आर्थिक ऐन अनुसार फरक भएकाले। |
| ४ | दफा १० (च) | | दफा ८ (च १)<br>खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि साविक गाविस तथा न.पा.को पुराना मापदण्ड अनुसार निर्माण सम्पन्न भएका व्यापारिक तथा सार्वजनिक भवन बाहेक आवासिय / मिश्रित भवनको लागि तला थप निवेदन पेश हुन आएमा भुँईतला निर्माण सम्पन्न भएको भवनको लागि अर्को एक तला सम्म मात्र थप गर्ने इजाजत दिन सकिनेछ तर त्यस्तो तला थप इजाजत दिदाँ नक्सा पेश गर्ने इन्जिनियरिङ कन्सल्टेन्सीको इन्जिनियरको सिफारिस सहितको दरखास्त पेश हुने पर्नेछ (खण्ड (च १) बमोजिमको दरखास्त उपर कारवाही हुँदा सम्वन्धित शाखाको प्रमुख इन्जिनियरले गर्ने निर्णय नै अन्तिम निर्णय हुनेछ।<br>**दफा ८ (च २) खण्ड** (च १) मा उल्लेखित आवासिय भवन दोश्रो तल्ला निर्माण सम्पन्न भई सकेको रहेछ भने फिल्ड निरीक्षण गरी तत्कालिन मापदण्ड पालना भएको भए हाल नक्सा पास दस्तुरको ३ गुणा दस्तुर लिई नियमित तर्फको निर्माण सम्पन्न प्रमाण पत्र दिन सकिनेछ तर मापदण्ड र भवन समिता पालना नभएको पाइएमा हाल नक्सा पास दस्तुको ३ गुणा राजश्व लिई नक्सा अभिलेखिकरण गर्न सकिनेछ। नक्सा अभिलेखिकरण आवसिय भवन, गोदाम, आदिको मात्र गर्न सकिनेछ। | पुरानो भवनमा नयाँ तला थप गर्न दिनुपर्ने भएकाले। |
| ५ | दफा १० (झ) | घर नक्सा पासको निवेदन दिई स्वीकृत भई सकेका तर | घर नक्सा पासको निवेदन दिई स्वीकृत भई सकेका तर स्वीकृत नक्सा वमोजिम | खण्डित सम्पन्नता पाएको घर विक्रि हुने |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृत नक्सा वमोजिम निर्माण नभई आंशिक रुपमा मात्र सम्पन्न भई त्यस्तो सम्पन्नताको प्रमाण पत्र लिन चाहेमा आंशिक निर्माण सम्पन्नको प्रमाण पत्र दिइने छ तर त्यस्तो आंशिक निर्माण सम्पन्न गर्दा प्रत्येक तला सम्पन्न भएको हुनु पर्ने छ र आंशिक सम्पन्नताको प्रमाण पत्र लिईएका घर धनीले पुरै भवन कानुन वमोजिम निर्माण सम्पन्न गरी म्याद भित्र सम्पन्नताको प्रमाण पत्र लिन चाहेमा स्वीकृत मापदण्ड भित्र निर्माण गरेको हकमा सम्पन्नताको प्रमाण पत्र दिइने छ। | निर्माण नभई आंशिक रुपमा मात्र सम्पन्न भई त्यस्तो सम्पन्नताको प्रमाण पत्र लिन चाहेमा आंशिक निर्माण सम्पन्नको प्रमाण पत्र दिइने छ तर त्यस्तो आंशिक निर्माण सम्पन्न गर्दा प्रत्येक तला सम्पन्न भएको हुनु पर्ने छ र आंशिक सम्पन्नताको प्रमाण पत्र लिईएका घर धनीले पुरै भवन कानुन वमोजिम निर्माण सम्पन्न गरी म्याद भित्र सम्पन्नताको प्रमाण पत्र लिन चाहेमा स्वीकृत मापदण्ड भित्र निर्माण गरेको हकमा सम्पन्नताको प्रमाण पत्र<br>दिइने छ।<br>(झ१) खण्ड (झ) मा जुनसुकै कुरा लेखिएको भएतापनि इजाजत नामसारीको निवेदन आएमा भवन निर्माणको जुनसुकै चरण भएतापनि इजाजत नामसारी गर्न सकिनेछ । तर त्यस्तो इजाजत नामसारी गर्दा लाग्ने दस्तुर सहित इजाजत दिदाँ लागेको राजश्व दस्तुरमा दश प्रतिशत थप दस्तुर समेत लाग्नेछ र त्यस्तो दस्तुर इजाजत नामसारी भई स्वामित्व प्राप्त गर्ने व्यक्तिले व्यहोर्नेछ। | गरेकाले |
| ६ | दफा ११ (घ) | नक्सा पास हुन वाकी रहदै काबु वाहिरको परिस्थिती परी नक्सा पास नगराउने भई सम्वन्धित व्यक्तीले नक्सापास वापत वुझाएको दस्तुर फिर्ता माग गरेमा वुझाएको दस्तुरको<br>पच्चिस प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरी यस **ऐन वमोजिमको समितीले निर्णय**<br>गरेपछि वाकी रकम फिर्ता दिइने छ । तर सोही रकमवाट दस्तुर मिलान गरी अर्को<br>व्यक्तीको नाउँवाट नक्सा पास गरी पाउँ भनी जग्गा रजिष्ट्रेशन भएको पैतिस दिन भित्र<br>निवेदन पर्न आएमा साविक रकममा थप पच्चिस प्रतिशत रकम लिई रकम मिलान गरी नक्सा पास गरी दिइने छ यसरी रकम मिलान गर्नुपर्दा साविक जग्गा धनी समेत स्वयं<br>उपस्थित भई निवेदन दिएको हुनु पर्नेछ र यो व्यवस्था जुन आ.व.मा दस्तुर दाखिला गरेको<br>को हो सोही आर्थिक वर्षका लागि मात्र लागु हुनेछ। | नक्सा पास हुन वाकी रहदै काबु वाहिरको परिस्थिती परी नक्सा पास नगराउने भई सम्वन्धित व्यक्तिले नक्सापास वापत वुझाएको दस्तुर फिर्ता माग गरेमा वुझाएको दस्तुरको पच्चिस प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरी वाकी रकम फिर्ता दिइने छ। तर सोही रकमवाट दस्तुर मिलान गरी अर्को व्यक्तीको नाउँवाट नक्सा पास गरी पाउँ भनी जग्गा रजिष्ट्रेशन भएको पैतिस दिन भित्र निवेदन पर्न आएमा साविक रकममा थप पच्चिस प्रतिशत रकम लिई रकम मिलान गरी नक्सा पास गरी दिइने छ यसरी रकम मिलान गर्नुपर्दा साविक जग्गा धनी समेत स्वयं उपस्थित भई निवेदन दिएको हुनु पर्नेछ र यो व्यवस्था जुन आ.व.मा दस्तुर दाखिला गरेको को हो सोही आर्थिक वर्षका लागि मात्र लागु हुनेछ। | समितिको निर्णय मार्फत मात्र दस्तुर फिर्ता हुने हुँदा। |
| ७ | दफा ११ (ङ) | त्यस्तो काबु वाहिरको परिस्थिती नपरी नक्सा पास हुन वाकी रहदै कुनै व्यहोराले नक्सा पास नगराउने भई सम्वन्धित व्यक्तीले नक्सापास वापत वुझाएको दस्तुर फिर्ता | (हटाउने) | धरौटि फिर्ता माग |

| | | | | |
|---|---|---|---|---|
| | | माग<br>गरेमा वुझाएको दस्तुरको पचास प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरी यस ऐन<br>वमोजिमको समितीले निर्णय गरेपछि वाकी रकम फिर्ता दिइने छ । तर सोही रकमवाट<br>दस्तुर मिलान गरी अर्को व्यक्तीको नाउँवाट नक्सा पास गरी पाउँ भनीजग्गा रजिष्ट्रेशन<br>भएको पैतिस दिन भित्र दिवेदन पर्न आएमा साविक रकममा थप पचास प्रतिशत रकम लिई<br>रकम मिलान गरी नक्सा पास गरी दिइने छ ।यसरी रकम मिलान गर्नुपर्दा साविक जग्गा धनी समेत स्वयं उपस्थित भई निवेदन दिएको हुनु पर्नेछ र यो व्यवस्था जुन आ.व.मा दस्तुर दाखिला गरेको को हो सोही आर्थिक वर्षका लागि मात्र लागु हुनेछ । | | |
| ८ | दफा २६ | **दफा २६ निरीक्षण एवम प्राविधिक समिति सम्बन्धी व्यवस्था :** (१) राष्ट्रिय भवन संहिता र कार्यपालिकाले तोकेको मापदण्डलाई पूर्ण रुपले पालना गराउन यो ऐन प्रारम्भ भएको एक महिनाभित्र कार्यपालिकाले देहाय बमोजिम एक निरिक्षण एवं प्राविधिक समिति गठन गर्नेछ र त्यस्तो समितिले भवन निर्माणको क्षेत्रमा निरीक्षण र जाँचबुझ गरी कार्यपालिकामा सिफारिस गर्नेछ,-<br>(क)उप-प्रमुख<br>संयोजक<br>(ख) प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य<br>(ग) सम्वन्धित वडाको | **दफा २६ निरीक्षण एवम प्राविधिक समिति सम्बन्धी व्यवस्था :** (१) राष्ट्रिय भवन संहिता, यस ऐन र यस ऐन बमोजिम कार्यपालिकाले तोकेको मापदण्डलाई पूर्ण रुपले पालना गराउन देहाय बमोजिमको एक निरीक्षण एवं प्राविधिक समिति रहनेछ ।<br>(क) उप-प्रमुख संयोजक<br>(ख) सम्वन्धित वडाको वडाध्यक्ष सदस्य<br>(ग) नगर प्रमुखले तोकेको स्ट्रक्चरल इन्जिनियर वा भवन सम्बन्धी अनुभव भएको इन्जिनियर सदस्य<br>(घ) सम्बन्धित महाशाखा वा शाखा प्रमुख सदस्य<br>(ङ) समितिले तोकेको घरनक्सा शाखा/महाशाखासँग सम्बन्धित इन्जिनियर सदस्य सचिव<br>(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिले आवश्यकता अनुसार भवन सम्बन्धी बिशेषज्ञ, सरोकारवाला तथा जनप्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।<br>(३) भवनको प्लिन्थ एरियाको क्षेत्रफल पाँच हजार बर्गफिट बढी क्षेत्रफल भएको, तीन तलाभन्दा बढी हुने भएमा, स्वास्थ्य, शैक्षिक संस्था वा कम्प्लेक्स वा भवन | समितिको काम, कर्तव्य र अधिकार यकिन गरी कार्यसम्पादन सहजीकरण गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | | वडाध्यक्ष सदस्य<br>(घ) स्ट्रक्चर इन्जिनियर सदस्य<br>(ङ) सम्बन्धित महाशाखा वा शाखा प्रमुख सदस्य सचिव<br>(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिमा आवश्यकतानुसार बिशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ र सो समितिमा पेश हुने नक्सा पासको प्रक्रियाको अवधि बढीमा तीन महिनाको हुनेछ ।<br>(३) भवनको प्लिन्थ एरियाको क्षेत्रफल ५००० बर्गफिट र तीन तलाभन्दा बढी भएमा वा स्वास्थ्य वा शैक्षिक संस्था वा कम्लेक्स वा पूर्ण ब्यापारिक भवन भएमा अनिवार्य रुपमा यसदफा बमोजिम गठित निरिक्षण एवं प्राविधिक समितिको सिफारिसमा नक्सा पास हुनेछ । | भएमा उपदफा (१) बमोजिमको समितिको सिफारिशमा मात्र भवन निर्माणको इजाजतपत्र दिनुपर्नेछ ।<br>(४) उपदफा (१) बमोजिमको समितिले उपदफा (३) बमोजिमको काम बाहेक भवन निर्माण सम्बन्धी कुनै विवाद वा समस्या उत्पन्न भएमा त्यस्तो विवादको समाधान वा समस्याको समाधान र सहजीकरण समेत गर्नेछ ।<br>(५) उपदफा (३) र (४) सँग सम्बन्धित विषयमा समितिले आवश्यक निर्णय गर्न नसक्ने ठहरिएमा त्यस्तो विषयलाई निर्णयको लागि कार्यपालिकामा समितिले पेश गर्नेछ र त्यस्तो विषयमा कार्यपालिकाले गर्ने निर्णय नै अन्तिम हुनेछ । | |

## घरजग्गा बहाल कर ऐन २०७५ मा संशोधन

| क्र.सं. | ऐनको दफा | हाल भएको व्यवस्था | हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | दफा १६ को उपदफा (३) खण्ड (क) | उपदफा (३) खण्ड (क) तोकिएको समयभित्र बहालकर नबुझाउने करदाताबाट लागने करको १५ पन्ध्र प्रतिशत ब्याज असुल गरिने छ । | सम्पुर्ण व्यहोरा हटाउनुपर्ने । | सो व्यवस्थाप्रति आम करदाताको असन्तुष्टि रहेको र एउटै आर्थिक बर्ष भित्र ब्याज असुल गर्न व्यवहारिक नभएको देखिएकाले । |

## इटहरी उप महानगरपालिकाबाट जारी भएको सहकारी ऐन २०७५ मा संसोधन र थप गरिनु पर्ने विषयहरु

| क्र.सं. | ऐनको दफा | हाल भएको व्यवस्था | हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | परिच्छेद १ दफा २ (ड) | “लेखा सुपरीवेक्षण समिति” भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनु पर्दछ । | “लेखा सुपरीवेक्षण समिति” भन्नाले दफा ३८ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनु पर्दछ । | उल्लेखित दफा फरक परेकोले । |
| २ | परिच्छेद १ दफा २ (ढ) | “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनु पर्दछ । | “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाले यस ऐनको दफा १८बमोजिम बनाएको विनियम सम्झनु पर्दछ । | उल्लेखित दफा र भाषा समेत फरक परेकोले । |
| ३ | परिच्छेद १ दफा २ (ध) | “समिति” भन्नाले यस ऐनको दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समितिलाई सम्झनु पर्दछ । | “सञ्चालक समिति” भन्नाले यस ऐनको दफा ३१ को उपदफा (१) बमोजिमको सञ्चालक समितिलाई सम्झनु पर्दछ । | उल्लेखित दफा फरक परेकोले । |
| ४ | परिच्छेद २ दफा ३ (२) (ङ) | सहकारी संस्था सम्बन्धि प्रत्येक बर्ष बार्षिक नीति तर्जुमा गर्ने तथा समीक्षा गर्ने । | सहकारी सम्बन्धि प्रत्येक बर्ष बार्षिक नीति तर्जुमा गर्ने तथा समीक्षा गर्ने । | भाषा फरक परेकोले । |
| ५ | परिच्छेद २ दफा ३ (२) (छ) | यस ऐन र प्रचलित कानुन बमोजिम सहकारी संस्थाको खारेजी गर्ने ,सजाय गर्ने , क्षतिपुर्ति भराउने र आवश्यक परे संस्थाहरुको पुर्नगठन गर्ने ,एकिकृत गर्ने असुल उपर गर्ने गराउने । | यस ऐन र प्रचलित कानुन बमोजिम सहकारी संस्थालाई ,सजाय गर्न बाहेक खारेजी गर्न , क्षतिपुर्ति भराउन र आवश्यक परे संस्थाहरुको पुनर्गठन गर्न , एकिकृत गर्न असुल उपर गर्न गराउन आवश्यक निर्देशन दिने । | उल्लेखीत कार्यहरु नगर समितिबाट नभई सहकारी शाखाबाट सम्पादन गरीनु पर्ने भएकोले । |
| ६ | परिच्छेद ३ दफा ७ (३) | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भई सञ्चालनमा रहेका इटहरी उपमहानगरपालिकाभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ । तर यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र संस्थाको विनियम, दर्ता प्रमाण-पत्र र अघिल्लो आ.ब.को लेखापरिक्षण प्रतिवेदन कार्यालयमा बुझाइ्र स.सथाको सूचिकृत गर्नु पर्नेछ । सुचिकृत सम्बन्धी अन्य प्रकृया समितिले तोके बमोजिम हुनेछ । | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भई सञ्चालनमा रहेका इटहरी उपमहानगरपालिकाभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।यस्ता सहकारी संस्थाहरुले कार्यालयको निर्देशन बमोजिम तोकिएको समयावधि भित्र संस्थाको विनियम, दर्ता प्रमाण-पत्र र अघिल्लो आ.ब.को लेखापरिक्षण प्रतिवेदन कार्यालयमा बुझाई संस्थाको सूचिकृत गर्नु पर्नेछ । | ऐनमा समयावधि निर्धारण गर्नु भन्दा कार्यालयबाट पत्राचार गरी समयावधि तोक्दा उपयुक्त हुने भएकोले । |
| ७ | परिच्छेद ३ | तर पचास प्रतिसत भन्दा बढी अचल सम्पत्ति विक्रि गर्दा समितिको अनुमति | तर नेपाल सरकार वा अन्य कुनै दातृ निकायले संस्थालाई अनुदान उपलब्ध गराएको अचल | संस्था स्वयमको कोषबाट साधारणसभाको |

| | | | | |
|---|---|---|---|---|
| | दफा ९ (३) | र त्यसरी अनुमति माग्ने संस्थाले अचल सम्पत्ति विक्रि गर्नुको कारण बुझी एक महिनभित्र अनुमति दिनेछ। | सम्पत्ति विक्रि गर्दा नगर समितिको स्वीकृति लिनु पर्नेछ । त्यसरी संस्थासंग अचल सम्पत्ति विक्रि गर्नुको कारण बुझी एक महिनाभित्र अनुमति दिनेछ । | बहुमत निर्णयले अचल सम्पत्ति खरिद तथा विक्रि गर्न सक्ने भएकोले । |
| ८ | परिच्छेद ३ दफा १३ (३) | उपदफा (३) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र ,स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिन भित्र सोको जानकारी दर्ता गर्ने आधिकारीलाई दिनु पर्नेछ। | उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र ,स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिन भित्र सोको जानकारी दर्ता गर्ने आधिकारीलाई दिनु पर्नेछ। | दफा फरक परेकोले । |
| ९ | परिच्छेद ४ दफा २० (२) | उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ। | उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ। | आनतरकि कार्यविधि संस्थाको साधारणरसभाबाट पारित गरी लागु गर्न सक्ने भएकोले । |
| १० | परिच्छेद ५ दफा २३ (३) | कालो सूचिमा परेको व्यक्ति दुई बर्ष सम्म अर्को सहकारीको सदस्य बन्न पाउने छैन । | कालो सूचिमा परेको व्यक्ति दुई बर्ष सम्म सोही वा अर्को सहकारी संस्थाको सदस्य बन्न पाउने छैन । | पुनः साही ब्यबहार दोहोऱ्याउन सक्ने भएकोले । |
| ११ | परिच्छेद ५ दफा २४ (घ) | संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा । | संस्थाको सदस्यको हकमा दफा २१ बमोजिमको योग्यता नभएमा । | दफा फरक परेकोले । |
| १२ | परिच्छेद ५ दफा २५ | सुविधा प्राप्तै गर्न नसक्ने | सुविधा प्राप्त गर्न नसक्ने | भाषा फरक परेकोले । |
| १३ | परिच्छेद ६ दफा ३० (५) | उपदफा (४)मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा २८को ( ४) मा भएको व्यवस्थामा सोही अनुसार हुनेछ । | हटाउनु पर्ने । | दफा २८ मा उप दफा (४) नभएको । |
| १४ | परिच्छेद ६ दफा ३० (६) | मिलाउन सक्नेछ | (५) गर्नु पर्ने । | उप दफा ५ हटाउदा ६ लाई ५ गर्नु पर्ने । |
| १५ | परिच्छेद ६ दफा ३५ (१) (च) | कुनै सञ्चालकमा यो ऐन यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा । | कुनै सञ्चालकमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा । | भाषा फरक परेकोले । |
| १६ | परिच्छेद ८ दफा ४२ | बचतको सीमाः संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ । | बचतको सीमाः संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सघीय ऐन वा तोकिए बमोजिम हुनेछ । | संघीय ऐन संग बाझिएकोले । |
| १७ | परिच्छेद १० दफा ५० | सहकारी प्रवर्द्धन कोषसम्बन्धि ब्यवस्था : संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२)को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिसतले हुन आउने रकम यस ऐन बमोजिम एक छुट्टै कोष रहनेछ । सो कोषको सञ्चालन समितिको निर्णय बमोजिम कार्यपालिकाले तोकेको छुट्टै | सहकारी प्रवर्द्धन कोष सम्बन्धि ब्यवस्था : संस्थाले सहकारी ब्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४८ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२)को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिसतले हुन आउने रकम यस ऐन बमोजिम एक छुट्टै कोष रहनेछ ।सो कोषको सञ्चालन संघीय ऐनले तोके बमोजिम हुनेछ । | सहकारी प्रवर्द्धन कोष सञ्चालन सम्बन्धि ब्यवस्था संघीय ऐन बमोजिम हुनु पर्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | बेंक खातामा जम्मा गरी त्यस्तो रकम सहकारी संस्थाको नियमन र प्रवर्द्धनका लागि खर्च गरिने छ ।त्यस्तो कोषको लागि नगर सभाबाट पारित विनियोजन ऐन बमोजिम विनियोजित रकम समेत कोष्मा जममा गरिनेछ । | | |
| १८ | परिच्छेद १० दफा ५१ | अन्य कोष सम्बन्धि व्यवस्था :(१) दफा ४७, ४८, ४९ र ५०मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांस कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्नेछन् । | अन्य कोष सम्बन्धि व्यवस्था :(१) दफा ४८, ४९ र ५०मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांस कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्नेछन् । | दफा ४७ फरक विषय भएकोले झिकिनु पर्ने । |
| १९ | परिच्छेद १२ दफा ५५ (३) | उपदफा (२) बमोजिम लेखापरीक्षण गराउदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले ब्यहोर्नेछ । लेखा परीक्षण गर्ने लेखापरीक्षकले पाउने पारिश्रमिकको दश प्रतिसत जरीवाना समेत गरी जरीवाना रकम नगर कार्यपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेछ । | उपदफा (२) बमोजिम लेखापरीक्षण गराउदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले ब्यहोर्नेछ । | संघीय ऐन भन्दा फरक विषय हुन गएको र लेखापरीक्षण विषयको जरीवाना सम्बन्धमा नियमावलीमा ब्यवस्था भएकोले । |
| २० | परिच्छेद १२ दफा ५५ (४) | उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनका लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ । ऐन बमोजिमको अवधिभित्र लेखापरीक्षण नगराएमा संस्थाको , अध्यक्ष र प्रवन्धकलाई जनही निजहरुले तिर्नु पर्ने गरी रु. दश हजार सम्म जरीवाना गर्न सक्नेछ । | उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनका लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ । ऐन बमोजिमको अवधिभित्र लेखापरीक्षण नगराएमा संस्थाको , अध्यक्ष र प्रवन्धकलाई जनही निजहरुले तिर्नु पर्ने गरी लेखापरिक्षण रकमको दश प्रतिशत सम्म जरीवाना गर्न सक्नेछ । | उपदफा (३) बमोजिम संस्थालाई जरीवाना हुने ब्यवस्था रहेकोले एउटै विषयमा दोहोरा जरीवाना हुने भएकोले । |
| २१ | परिच्छेद १३ दफा ६० (१) | कुनै सदस्यले संस्था संग गरेको ऋण सम्झौता वा शर्त कवुलियतको पालना नगरेमा , लिखतको भाखाभित्र ऋणको साँवा , ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाईृ हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितो लाइृ सम्बन्धित संस्थाले लिलाम रकम विक्रि गरी वा अन्य कुनै ब्यवस्था गरी आफ्नो साँवा ब्याज र हर्जाना रकम असुल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारे पश्चात पनि ऋणीले साँवा ब्याज दुबै भुक्तानी गरी धितो वापतको सम्पत्ति फिर्ता लिन चाहेमा संस्थाले सकारे पश्चातको एक बर्षभित्र फिर्ता गर्नुपर्नेछ । | कुनै सदस्यले संस्था संग गरेको ऋण सम्झौता वा शर्त कवुलियतको पालना नगरेमा , लिखतको भाखाभित्र ऋणको साँवा , ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाईृ हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितो लाइृ सम्बन्धित संस्थाले लिलाम रकम विक्रि गरी वा अन्य कुनै ब्यवस्था गरी आफ्नो साँवा ब्याज र हर्जाना रकम असुल उपर गर्न सक्नेछ । | धितोमा रहेको सम्पत्ति डाक बढाबड वा शिलबन्दि काटेशन प्रकृया द्वारा समेत लिलाम विक्रि हुन नसके मात्र संस्था आफैले सकार गर्ने हुंदा स.सथाले सकार गरी सकेपछि ऋणीले चाहेमा भनदा संसथाले चाहेमा मात्र फिर्ता गर्न सक्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| २२ | परिच्छेद १४ दफा ६४ (१) | संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५९ र ६०को प्रयोजनको लागि कुनै व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण , नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठायन सक्नेछ । | संस्था वा दर्ता गर्ने अधिकारीले दफा ६० र ६३ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण , नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । | दफा फरक परेकोले । |
| २३ | परिच्छेद १४ दफा ६८ (३) | उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्ने अधिकारीले देहायको प्रस्तावमा नगर कार्यपालिकाले स्वीकृतिगर्नेछ । | उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्ने अधिकारीको देहायको प्रस्तावमा नगर कार्यपालिकाले स्वीकृति गर्नेछ । | भाषा फरक परेकोले । |
| २४ | परिच्छेद १४ दफा ६८ (५) | उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ । | उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्थालाई लिक्वीडेसन गरेर विघटन गर्न सकिने छ । | दर्ता खारेज भएता पनि लिक्वीडेसन नभए सम्म विघटन नहुने भएकोले । |
| २५ | परिच्छेद १९ दफा ८३(२) | उपदफा (१)मा लेखिएको ब्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने ब्यक्तिलाई तीन लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ । | उपदफा (१)मा लेखिएको ब्यहोराबाट कसैले देहायको कुनै कार्य गरेमा /गरेको पाईएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने ब्यक्तिलाई तीन लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ । | भाषा फरक परेकोले । |
| ३० | परिच्छेद १९ दफा ८३(२)ङ | कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा । | कुनै संस्थाले दफा ७ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा । | दफा फरक परेकोले । |

## शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा संशोधन

| क्र.सं. | ऐनको दफा | हाल भएको व्यवस्था | हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | दफा ९० को उपदफा (१) | उपदफा (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले **प्रत्येक वर्ष** शिक्षा शाखाबाट नियुक्त दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ । | उपदफा (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले **यस ऐनको दफा २४ बमोजिमको समितिको सिफारिशमा शिक्षा शाखाबाट** शिक्षा शाखाबाट नियुक्त दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ । | समितिको सिफारिशमा गर्दा उपयुक्त हुने भएकाले । |